तुर्माखाँद गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तुर्माखाँद, अछाम

सुदूरपश्चिम प्रदेश

पत्र संख्या: २०७६/०७७
चलानी नं.

मिति: २०७७।०१।१२

## राहत सामाग्री आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ताहरुले दररेट पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले गरेको लकडाउनका कारण कठिनाई भोगिरहेका विपन्न श्रमिक तथा असहायहरुलाई राहत सामाग्री वितरण गर्नु पर्ने भएकोले यसैसाथ संलग्न दरभाउपत्र र सोही दरभाउपत्रमा उल्लेखित शर्तहरुको अधिनमा रही राहत सामाग्री आपूर्ति गर्न इच्छुक र योग्य आपूर्तिकर्ताहरुले तपशिल बमोजिमका कागजातहरु सहित मिति २०७७ साल वैशाख १४ गते मध्यान्ह १२:०० बजेभित्र info@turmakhadmun.gov.np मार्फत वा कार्यालयमा दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ।

आवश्यक कागजातहरु

- फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी
- PAN/ VAT दर्ता प्रमाण पत्रको प्रतिलिपी
- आ.व. २०७५/०७६ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी
- धरौटी जम्मा गरेको बैंक भौचर

वासुदेव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Email:ito.turmakhadmun@gmail.com Website: www.turmakhadmun.gov.np
Phone Number: CAO :- 9759005111/ Chair Person :- 9758003144
" शिक्षा, कृषि र जलाधार, समृद्ध तुर्माखाँदको मुल आधार "

## राहत सामाग्री आपुर्ति सम्बन्धि दरभाउ पत्र

विषय: दररेट पेश गरिएको।

श्री तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम।

मिति: २०७७।०१।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति २०७७।०१।१२ गते प्रकाशित **राहत सामाग्री आपूर्ति गर्न इच्छुक आपूर्तिकर्ताहरुले दररेट पेश गर्ने सम्बन्धी सूचना** बमोजिम देहायका शर्तहरुको अधीनमा रही देहायको दररेटमा आपूर्ति गर्न इच्छुक भएकोले यो दररेट पेश गरेको छु।

निवेदक
फर्मको नाम:
प्रोपराइटरको नाम:
हस्ताक्षर:
इमेल ठेगाना:
सम्पर्क नं.:
फर्मको छाप:

शर्तहरु

१) चामल प्रति बोरा ३० किलोग्राम, तेल आधा वा एक लिटरको प्याकिङमा हुनु पर्नेछ।

२) पेश गरिएको दररेटमा तपसील बमोजिमको राहत सामाग्री तपसील बमोजिमको ठाउँसम्म ढुवानी समेत गर्नु पर्नेछ।

| वडा नं. | प्रत्येक वडाका लागि आवश्यक राहत सामाग्रीको विवरण(चामल, दाल, नुन र चिनी किलोग्राममा, तेल लिटरमा र साबुन गोटामा) | | | | | | आपूर्तिकर्ताले आपूर्ति गर्नु पर्ने स्थान |
|---|---|---|---|---|---|---|---|
| | चामल | दाल | नुन | तेल | साबुन | चिनी | |
| १ | २०१० | ४१७ | २७८ | २७८ | ५५६ | २७८ | दैलेख जिल्लाको तल्लो डुंगेश्वर बजार |
| २ | ८१० | १५६ | १०४ | १०४ | २०८ | १०४ | दैलेख जिल्लाको साङेतडा |
| ३ | ३२७० | ५४३ | ३६२ | ३६२ | ७२४ | ३६२ | ३ नं. वडा कार्यालय, भैरवस्थान |
| ४ | २९७० | ५०४ | ३३६ | ३३६ | ६७२ | ३३६ | ४ नं. वडा कार्यालय, तुर्माखाँद |
| ५ | १८९० | ३५४ | २३६ | २३६ | ४७२ | २३६ | ५ नं. वडा कार्यालय, नाडा |
| ६ | २२८० | ३५४ | २३६ | २३६ | ४७२ | २३६ | ६ नं. वडा कार्यालय, रानीवन |
| ७ | १७१० | २८५ | १९० | १९० | ३८० | १९० | ७ नं. वडा कार्यालय, तोषी |
| ८ | २८३५ | ४७१ | १६४ | २३९ | ६२८ | ३१४ | ८ नं. वडा कार्यालय, धमाली |

३) दररेटको ढाँचा गाउँ कार्यपालिकाको कार्यालय, तुर्माखाँद, अछामबाट वा www.turmakhadmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। दररेट भर्दा अंक र अक्षरमा फरक परेमा अक्षरमा भरेको मान्य हुनेछ। सबै आइटमको दररेट भरिएको हुनु पर्नेछ।

४) प्रचलित कानूनबमोजिम कर तिर्नु पर्ने दायित्व आपूर्तिकर्ताको हुनेछ।

५) आपूर्तिकर्ताले दरभाउपत्र पेश गर्दा तुर्माखाँद गाउँपालिकाको नवील बैंक तुर्माखाँद शाखामा रहेको धरौटी हिसाब नं. ७९०१०१७५०००३४ मा एक लाख दश हजार नगदै धरौटी स्वरुप जम्मा गरी भौचर पेश गर्नु पर्नेछ। दरभाउपत्रदाता सम्झौता गर्न नआएमा वा सम्झौता बमोजिमको समयभित्र गुणस्तरयुक्त सामाग्री आपूर्ति नगरेमा धरौटी रकम जफत गरी प्रचलित कानूनबमोजिम कारवाही गरिनेछ।

६) पेश भएका दरभाउपत्रहरु दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा २०७७ साल वैशाख १४ गते दिउसो १२:३० बजे खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

७) न्यूनतम् मूल्यांकित लागत अनुमानभन्दा न्यून दरभाउपत्र स्वीकृत गरी सम्झौता गरिनेछ।

८) छनोट भएको दरभाउपत्र दाताले २०७७ साल वैशाख १५ गतेभित्र सम्झौता गरी सक्नु पर्नेछ।

९) सम्झौता भएको मितिले ५ दिनभित्र सबै वडाका लागि तोकिएको स्थानमा तोकिएको परिमाणमा राहत सामाग्री आपूर्ति गरिसक्नु पर्नेछ।

१०) दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको हस्ताक्षर र छाप लगाएको हुनुपर्नेछ। इमेल मार्फत दरभाउपत्र पेश गर्न चाहने दरभाउपत्रदाताले www.turmakhadmun.gov.np बाट दरभाउपत्र डाउनलोड गरी दरभाउपत्र भरी दरभाउपत्रको प्रत्येक पानामा दस्तखत गरी स्क्यान गरी info@turmakhadmun.gov.np मार्फत पठाउनु पर्नेछ।

११) दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा खरिद प्रकृया रद्द गर्ने अधिकार कार्यालयमा निहीत रहेको छ।

१२) अन्य शर्तहरु प्रचलित कानूनबमोजिम हुनेछ।

राहत सामाग्रीको दररेट (शर्त नं. २ मा तोकिएको स्थानसम्म ढुवानी र प्याकेजिङ सहित)

| सि.नं. | राहत सामाग्रीको नाम | स्पेशिफिकेशन | परिमाण | इकाई | प्रति इकाई दररेट(मूल्य अभिवृद्धि कर बाहेक) | | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | | |
| १ | चामल | मोटो ग्रेडेड | १७७७५ | किलोग्राम | | | | |
| २ | दाल | मास र मुसुरो (५०-५० प्रतिशत मात्रा मिश्रण भएको। | ३०८४ | किलोग्राम | | | | |
| ३ | नुन | आयोडिनयुक्त | १९०६ | किलोग्राम | | | | |
| ४ | तेल | . तोरीको | १९८१ | लिटर | | | | |
| ५ | साबुन | लाइफब्वाई/ लक्स ५० ग्राम | ४११२ | गोटा | | | | |
| ६ | चिनी | | २०५६ | किलोग्राम | | | | |
| जम्मा | | | | | | | | |
| मूल्य अभिवृद्धि कर | | | | | | | | |
| कूल जम्मा | | | | | | | | |

निवेदक
फर्मको नाम:
प्रोपराइटरको नाम:
हस्ताक्षर:
इमेल ठेगाना:
सम्पर्क नं.:
फर्मको छाप: